कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठकमा पेश गरिएको प्रस्ताव सम्बन्धी विवरण

बैठक संख्या र मितिः २/०३/२०७८/०७९, मिति २०७९।०३।१० गते

| प्रस्तावको विषय | प्रस्ताव नं. | अध्यक्ष ज्यूबाट स्वीकृत मिति |
|---|---|---|
| कानेपोखरी गाउँपालिकाको मिति २०७९।०३।०९ गते दिउँसो ३.०० बजे बसेको गाउँ सभा अधिवेशनमा पेश भई सुझाव सहित पारित भएको ९९ बुँदें नीति तथा कार्यक्रमका सुझाव समेतलाई समावेश गरी कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०७९ लाई गाउँ सभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने। | १ | २०७९।०३।०९ |
| देहायमा उल्लिखित विधेयक गाउँ सभा अधिवेशनमा स्वीकृतिका लागि टेबुल गर्नेः<br>क. नागरिक उपचार सहायता कोष परिचालन विधेयक, २०७९<br>ख. छात्रवृत्ति व्यवस्थापन सम्बन्धी विधेयक, २०७९<br>ग. विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन विधेयक, २०७९ | २ | २०७९।०३।०९ |
| NIC ASIA बैंक मार्फत् सञ्चालन भैरहेको गाउँपालिकाको खाता राष्ट्रिय वाणिज्य बैंक मार्फत् सञ्चालन गर्न सम्बन्धित निकायमा लेखी पठाउने। | ३ | २०७९।०३।०९ |

(राजमती इङ्नाम)
गाउँपालिका अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०७९।०३।०९ मा जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडा अध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

गाउँ कार्यपालिकाका सदस्यहरुः

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार | झपटु राजबंशी | सुफल मुर्मु

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०३/२०७८/०७९

## निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा मिति २०७९।०३।०९ गते बसेको कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट गाउँ कार्यपालिकाको मिति २०७९।०३।०८ गते बसेको बैठकले पारित गरी स्वीकृतीका लागि पेश गरेको ९९ बुँदें नीति तथा कार्यक्रममा सभाका सदस्यहरुले पेश गर्नु भएको सुझाव समेतलाई समावेश गरी तयार गरिएको **कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक**, २०७९ लाई आज मिति २०७९।०३।०९ गते दिउँसो २.०० बजे बस्ने कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०७९ यसैसाथ संलग्न छ)

## निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०२।२० गतेको निर्णय एवम् कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकद्वारा पारित नीति तथा कार्यक्रमले निर्देश गरेका व्यवस्थालाई संस्थागत गर्दै निष्पक्ष र पारदर्शी तवरले कार्यान्वयनमा लैजान आवश्यक पर्ने देहाय बमोजिमका विधेयकहरुको मस्यौदा कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम २४ मा व्यवस्था भए बमोजिम यस बैठकमा पेश हुन आएकोमा उक्त विधेयक उपर दफावार छलफल गरियो। उक्त विधेयकहरु आज मिति २०७९।०३।१० गते दिउँसो २.०० बजे बस्ने कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकमा टेबुल गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

क. नागरिक उपचार सहायता कोष परिचालन विधेयक, २०७९

ख. छात्रवृत्ति व्यवस्थापन सम्बन्धी विधेयक, २०७९

ग. विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन विधेयक, २०७९

## निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा गाउँपालिकाको स्थानीय सञ्चित कोष लगायत अन्य खाताहरु एन.आइ.सि. एशिया (NIC ASIA) बैंक, रमाइलो शाखाबाट सञ्चालन हुँदै आइरहेकोमा उक्त बैंकबाट उपलब्ध हुने यस गाउँपालिकासँग सम्वद्ध बैंकिङ सेवा सन्तोषजनक नभएको भनी स्थानीयबासी तथा जनप्रतिनिधि समेतबाट बारम्बार गुनासो आइरहेको हुँदा उक्त खाताहरु श्री राष्ट्रिय बाणिज्य बैंक, बयरवन शाखा मार्फत् सञ्चालन हुने व्यवस्था मिलाई दिन श्री नेपाल राष्ट्र बैंक र श्री महालेखा नियन्त्रकको कार्यालयमा अनुरोध गरी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०७९।०३।१० गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको उपस्थिति र निर्णय